# बुङ्गल नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## खिरातडी, बझाङ्ग

☎ 9766973710 कार्यालय
URL: www.bungalmun.gov.np
e-mail: info@bungalmun.gov.np
e-mail: ito.bungalmun@gmail.c
email:ito.bungalmun.gov.np
सुदुरपश्चिम प्रदेश, नेप


प.सं.: २०८२।०८३

च.न.

मिति:२०८२।१२।०३

**माछा मार्ने निषेध गरिएको सम्बन्धी सार्वजनिक सूचना!!**

बुङ्गल नगरपालिका क्षेत्रभित्र पर्ने कालाङ्गा र सानीगाड नदी लगायत अन्य नदी, खोलाहरुमा केही व्यक्तिहरुले विद्युत प्रवाह (करेन्ट) तथा रसायनिक पदार्थ प्रयोग गरी माछा मार्ने कार्य गरेको भन्ने जानकारी प्राप्त भएकोले यस प्रकारका कार्यहरुले वातावरणीय संरक्षण, सन्तुलन तथा जैविक विविधतामा गम्भिर असर पर्ने भएकोले यस्ता गतिविधिहरु नियन्त्रण गर्न आवश्यक भएको छ।

अतः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा बुङ्गल नगरपालिका नगर कार्यपालिकाको मिति २०८२।११।२९ गतेको निर्णयानुसार बुङ्गल नगरपालिका क्षेत्रभित्रका सम्पूर्ण नदी, खोलाहरुमा करेन्ट तथा रसायनिक पदार्थ प्रयोग गरी माछा मार्ने कार्य पूर्ण रुपमा निषेध गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यस सूचनाको अवहेलना गरी कसैले करेन्ट वा रसायनिक पदार्थ प्रयोग गरी माछा मार्ने कार्य गरेको पाईएमा प्रति व्यक्ति रु १०,००० (अक्षेरेपी रु दश हजार) जरिवाना गरिनुका साथै आवश्यक परेमा प्रचलित कानून बमोजिम कारवाही गरिने व्यहोरा जानकारी गराईन्छ। साथै यस्ता गतिविधि कसैले गरेको पाईएमा सम्बन्धित वडा कार्यालय वा बुङ्गल नगरपालिकामा जानकारी गराई दिनहुन समेत अनुरोध गरिन्छ।

अम्मर राज जोशी
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः-
श्री रेडियो बुङ्गल एफ एमः- सूचना प्रशारण गरिदिन हुन ।
श्री रेडियो सेरोफेरो एफ एमः- सूचना प्रशारण गरिदिन हुन ।
श्री ईलाका प्रहरी कार्यालय झापा बुङ्गल बझाङ्गः- सहजिकरण गरिदिन हुन ।
श्री अस्थायी प्रहरी पोष्ट विजगडाः- सहजिकरण गरिदिन हुन ।
श्री सूचना प्रविधि शाखाः- सूचना वेभसाईटमा अप्लोड गरिदिन हुन ।